**Series ΣHEFG** **Set-4**

प्रश्न-पत्र कोड
Q.P. Code **24**

रोल नं.
Roll No.

परीक्षार्थी प्रश्न-पत्र कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Q.P. Code on the title page of the answer-book.

# नेपाली
# NEPALI

*निर्धारित समय : **3** घण्टे* *अधिकतम अंक : **80***

*Time allowed : **3** hours* *Maximum Marks : **80***

- कृपया पहिला सुनिश्चित हुनुहोस् कि यो प्रश्नपत्रमा जम्मा **11** पृष्ठहरू छन् ।
- त्यसपछि उम्मेदवार द्वारा प्रश्नपत्रको दाहिनेपट्टि सिरानमा भएको कोड संख्या उत्तर पुस्तिकाको शीर्षकीय पृष्ठमा लेख्नुपर्नेछ ।
- कृपया जाँच गर्नुहोस् कि यो प्रश्नपत्रमा जम्मा **24** वटा प्रश्नहरू छन् कि छैनन् ।
- **कृपया हरेक प्रश्नको उत्तर लेख्नुभन्दा पहिला उत्तर पुस्तिकामा प्रश्न संख्या लेख्न नभुल्नुहोस् ।**
- यो प्रश्नपत्र पढ़नका निम्ति 15 मिनटको समय दिइएको छ । प्रश्नपत्र बिहान 10.15 बजे वितरण गरिनेछ । बिहान 10.15 बजे देखि 10.30 बजे सम्म विद्यार्थीले प्रश्न-पत्र मात्र पढ्नु पर्नेछ र त्यस अवधि भित्र उत्तर पुस्तिकामा कुनै उत्तर लेख्ने छैन् ।

- Please check that this question paper contains **11** printed pages.
- Q.P. Code given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains **24** questions.
- **Please write down the serial number of the question in the answer-book before attempting it.**
- 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

*सामान्य निर्देशन:*

*(i)* *यो प्रश्नपत्र दुई भागमा बाँड़िएको छ, भाग एक र भाग दुई ।*

*(ii)* *भाग एकमा जम्मा **19** वटा मूल वस्तुपरक प्रश्नहरू (प्रश्न **1** देखि **19**) सोधिएका छन्, जसअन्तर्गत **46** वटा बहुवैकल्पिक प्रश्नहरूबाट **40** वटामात्र गर्नुपर्नेछ ।*

*(iii)* *भाग दुईमा **5** वटा वर्णनात्मक प्रश्नहरू (प्रश्न **20** देखि **24**) सोधिएका छन्, जसअन्तर्गत आन्तरिक विकल्पहरू पनि दिइएका छन् ।*

*(iv)* *प्रत्येक प्रश्नसङ्ख्यामा दिइएको निर्देशनलाई पालन गर्दै सोधिएका प्रश्नका उत्तर लेख्नुहोस् ।*

**भाग एक**

**वस्तुपरक प्रश्नहरू (व्याकरण र छन्द-अलङ्कार)**

*निम्नलिखित बहुवैकल्पिक प्रश्नसङ्ख्या 1 देखि 16 मध्ये कुनै १२ वटा प्रश्नहरूका सही विकल्प चुनेर लेख्नुहोस् ।* *12×1=12*

**1.** काव्यको आभूषणलाई ___________ भनिन्छ ।

(a) छन्द (b) अलङ्कार

(c) साहित्य (d) भाषा

**2.** अलङ्कारका कति भेद छन् ?

(a) चार । (b) पाँच ।

(c) दुई । (d) तीन ।

**3.** एउटै शब्दमा दुई वा दुईभन्दा धेरै अर्थ लुकेको भए कुन अलङ्कार हुन्छ ?

(a) उपमा । (b) अतिशयोक्ति ।

(c) श्लेष । (d) अर्थालङ्कार ।

**4.** ___________ अलङ्कारका चार अङ्ग हुन्छन् ।

(a) श्लेष (b) शब्दालङ्कार

(c) अतिशयोक्ति (d) उपमा

**5.** अतिशयोक्ति अलङ्कारमा ___________ को उल्लेख गरिएको हुँदैन ।

(a) उपमेय (b) उपमान

(c) विषयी (d) उपमावाचक

6. यति, गति र लय मिलेको वर्ण, मात्रा आदि गन्ती गरेर कविता रचना गरिने निश्चित मान वा रूपलाई __________ भनिन्छ ।

(a) अलङ्कार (b) छन्द

(c) कविता (d) गद्य

7. अ, इ, उ, ऋ अनि यी स्वरका मात्रा लागेका व्यञ्जन वर्णलाई __________ वर्ण भनिन्छ ।

(a) लघु (b) गुरु

(c) दीर्घ (d) लघु र गुरु दुवै

8. वार्णिक छन्दमा कति वर्णको एक गण हुन्छ ?

(a) चार । (b) तीन ।

(c) दुई । (d) पाँच ।

9. मात्रा वा वर्णको समूहलाई __________ भनिन्छ ।

(a) यति (b) गति

(c) गण (d) चिह्न

10. ऽऽऽ भए __________ गण हुन्छ ।

(a) न (b) स

(c) म (d) भ

11. “हिमाली पाखाका उदरबिच छन् औषधिहरू,
पहाड़ी पाखामा नव तरुलता छन् फलहरू ।
शिरैमा चाँदीको मुकुट लचिलो सुन्दर अति,
छ मेरै माटो हो वदन तलमा हर्ष छ कति ।।”

उक्त पङ्क्ति कुन छन्दमा रचिएको छ ?

(a) तोटक । (b) शिखरिणी ।

(c) शार्दूलविक्रीडित । (d) उपमा ।

12. तलको कुन विकल्प तोटक छन्दको गण सङ्केत हो ?

(a) ।।ऽ - ।।ऽ - ।।ऽ - ।।ऽ (b) ।।। - ।।ऽ - ।।ऽ - ऽऽ।

(c) ।।ऽ - ।।ऽ - ।।ऽ - ऽऽ। (d) ।। - ।।। - ऽऽऽ - ।।ऽ

**13.** म - स - ज - स - त - त - गुरु भए कुन छन्द हुन्छ ?

(a) शिखरिणी ।
(b) तोटक ।
(c) शार्दूलविक्रीडित ।
(d) श्लेष ।

**14.** 'आँखा मृगका जस्तै सुन्दर छन् ।'

उक्त वाक्यको 'सुन्दर' – शब्दमा उपमा अलङ्कारको कुन अङ्ग प्रयोग भएको छ ?

(a) उपमेय ।
(b) उपमान ।
(c) साधारण धर्म ।
(d) उपमावाचक शब्द ।

**15.** छन्दमा रचिएको कविता पढ्ने बानी गर्नाले स्मरण शक्ति __________ बनाउन सहयोग गर्छ ।

(a) तेज
(b) मधुरो
(c) ढिलो
(d) सुस्त

**16.** चरण वा पाउको __________ वर्ण आवश्यकता अनुसार लघु वा गुरु दुवै हुनसक्छ ।

(a) पहिलो
(b) दोस्रो
(c) अन्तिम
(d) चौथो

**17.** निम्नलिखित काव्यांश राम्ररी पढ्नुहोस् अनि सोधिएका बहुवैकल्पिक प्रश्नहरूमध्ये कुनै १० वटाका सही विकल्प चुनेर उत्तर लेख्नुहोस् । *10×1=10*

नाम–शेष भयो सारा पुरानू शिशिर–स्थिति ।
लियो वसन्तले अर्को नयाँ गौरव–पद्धति ।।
ऋतु हुन् अरु पाँचोटा, वसन्त ऋतु–राज हो ।
लोक गौरवले भर्नु यसैको मुख्य काज हो ।।
वसन्तमा समानै छन् ठण्डी गर्मी दुवै गुण ।
तुल्य–तुल्य दया–दण्ड राजाका हुन् विभूषण ।।
देखिन्छ नाऽतिशीतोष्ण महिमा ऋतु–राजको ।
दया–दण्डज्ञ राजाको नीति झैं राजकाजको ।।
पशु–पक्षी लता–वृक्षलगायत चराचर ।
ऋतु–नायकको गर्छ प्रेमले स्वाऽऽगताऽऽदर ।।
सेतो कमलको छाता मञ्जरी–मय चामर ।
ऋतु–राजत्वका चिह्न देखिन्छन् अति सुन्दर ।।
भुमराहरु वीणाको दिव्य झङ्कार गर्दछन् ।

गुण–गायक भै पङ्क्षी गानमा तान भर्दछन् ।
बर्र बर्र लता–वृक्ष लावा झैं फूल छर्दछन् ।
पुतली नर्तकी–तुल्य नाचदै अघि सर्दछन् ।
मलयाऽचलको वायु लगातार सिरीसिरी ।
कलिला पालुवा–रूप पङ्खा हम्कन्छ सुस्तरी ।।
सजाये–को छ सर्वत्र दिव्य सौन्दर्यको रथ ।
शान्तिको जल छर्केको खुला आनन्दको पथ ।।
सारा वन बगैंचामा सजायेको छ आसन ।
ऋतु–राज उतैबाट गर्छ त्यो शुभ–शासन ।।
दिव्य आनन्दको रङ्ग, दिव्य कान्ति तरङ्ग छ ।
दिव्य उन्नतिको ढङ्ग, दिव्य सारा प्रसङ्ग छ ।।
त्यो दिव्य रङ्ग पायेका लता–वृक्ष वनस्पति ।
देखिन्छन् योग्य नेताका रैती झैं उन्नताऽऽकृति ।।

(i) उक्त काव्यांश कुन खण्डकाव्यबाट उद्धृत गरिएको हो ?

(a) ऋतुसंहार । (b) ऋतुविचार ।
(c) ऋतुराग । (d) ऋतुवर्णन ।

(ii) ऋतुविचार खण्डकाव्यका रचनाकार को हुन् ?

(a) कविशिरोमणि लेखनाथ पौड्याल ।
(b) महाकवि लक्ष्मीप्रसाद देवकोटा ।
(c) नाट्यसम्राठ बालकृष्ण सम ।
(d) आदिकवि भानुभक्त आचार्य ।

(iii) कुन ऋतुको स्थिति शेष भएर वसन्त आएको हो ?

(a) ग्रीष्म । (b) वर्षा ।
(c) शिशिर । (d) हेमन्त ।

(iv) वसन्त ऋतुलाई किन ऋतुराज भनेका हुन् ?

(a) जाड़ो पनि गर्मी पनि भएकाले ।
(b) साह्रै जाड़ो कम्ति गर्मी भएकाले ।
(c) न जाड़ो न गर्मी एवं सबैतिर सुन्दर भएकाले ।
(d) न जाड़ो न गर्मी एवं सबैतिर हरियाली नभएकाले ।

(v) 'बर्र बर्र लता–वृक्ष लावा झैं फूल छर्दछन् ।
पुतली नर्तकी–तुल्य नाचदै अघि सर्दछन् ।'
यस पद्यांशमा कविले पुतलीलाई केसँग तुलना गरेका छन् ?

(a) गाउने स्त्रीसँग । (b) नाच्ने स्त्रीसँग ।
(c) गीतकारसँग । (d) सङ्गीतकारसँग ।

(vi) 'मलयाऽचलको वायु लगातार सिरीसिरी ।
कलिला पालुवा–रूप पङ्खा हम्कन्छ सुस्तरी ।।'
उक्त पद्यमा के भन्न खोजिएको हो ?

(a) हिमालयको हावाले फलहरू पङ्खा झैं हल्लाउँछ ।
(b) नदीको हावाले पातहरू पङ्खा झैं हल्लाउँछ ।
(c) समुद्रको हावाले पातहरू पङ्खा झैं हल्लाउँछ ।
(d) हिमालयको हावाले पातहरू पङ्खा झैं हल्लाउँछ ।

(vii) 'दिव्य' शब्दको अर्थ कुन सही छैन ?

(a) चहकिलो । (b) प्रकाशमय ।
(c) मनोहर । (d) अँध्यारो ।

(viii) यस ऋतुमा कसले विणाको झङ्कार झैं आवाज निकाल्छन् ?

(a) पुतली । (b) पक्षी ।
(c) पशु । (d) भुमरा ।

(ix) 'मलयाऽचलको वायु लगातार सिरीसिरी ।'
यस पद्यांशमा भएको 'मलयाऽचल'–सँग कुन शब्द मिल्दो छ ?

(a) समुद्र । (b) सागर ।
(c) आकाश । (d) पर्वत ।

(x) यस ऋतुमा कसले गानमा तान भर्दछन् ?

(a) पुतलीले । (b) चराले ।
(c) मौरीले । (d) हावाले ।

(xi) कविले उक्त ऋतुमा लता–वृक्ष वनस्पतिलाई केसँग तुलना गरेका छन् ?

(a) योग्य रैतीसँग । (b) योग्य नेतासँग ।
(c) सुकेको जङ्गलसँग । (d) तातो हावासँग ।

**18.** निम्नलिखित काव्यांश राम्ररी पढ्नुहोस् अनि सोधिएका बहुवैकल्पिक प्रश्नहरूमध्ये कुनै १० वटाका सही विकल्प चुनेर उत्तर लेख्नुहोस् । *10×1=10*

जसे हट्टाबाहर भएको कष्टदायक संवाद प्रसारित हुन धेरै समय लागेन । सुन्नेलाई आफैमाथि दु:ख वैरिए जस्तो लाग्यो । उसका छरछिमेकीहरू र सङ्गीहरूका हृदयमा एकजना स्वेच्छाचारी मालिकको अत्याचारले मुक्का हान्यो । प्रत्येकले साहेबलाई अनि पोल लाउने मालिनीलाई प्रथम आवेगमा अभद्र भाषामा गाली गर्‍यो, बदख्वाइ गर्‍यो, धम्की दियो । त्यो अस्थायी आवेग हराएपछि फेरि शान्त अनि निरुपाय । तर गरुन् पनि के ? चेतन जीव भए तापनि मूक पशु झैं निरीह भएर बस्नुपर्थ्यो, प्रतिवाद गर्न उनको आफ्नो बुद्धि पुग्दैनथ्यो, उनमा आँट हालिदिने व्यक्ति कमानभित्र कोही थिएन, बाहिरको कुनै अगुवा भित्र ढिम्कन पाउँदैनथ्यो । कमानवासी आफू–आफै मुर्मुरिन्थे, आगो हुन्थे, आफूभित्र जमेको ग्यास उगेल्थे, बस्, त्यत्ति हो ।

सबैको आँखाले उसलाई हेर्दै थिए तर उसका गहभरि भएका आँखाले कसैलाई हेर्न मन गरेन । उ आफ्नो झुपड़ीतिर हिँड़्यो अनि उसको पछिपछि सञ्चमान । बाजे–बज्यै, आमा–बाबु, आफ्नी दुलही र आफै यतिका दिन बसेको त्यो खरको घर, त्यो कमान, त्यहाँको माटो नै, इस् … साथी–भाइ, इष्ट मित्रबाट अब सधैंका निम्ति आफूलाई कालचक्रले हठात् छुट्याउन लागेको देख्ता मन थाम्न नसकी उ डाको छोड़ेर रोयो । आफूले गरेको तिल जत्रो भूलले पर्वतको रूप लिएछ भनेर त्यसलाई त्यतिबेला चेत आयो । त्यसले मनमनै आफूलाई धिक्कारयो अनि साहेबका कानमा बिख हालेर उसलाई उठिबास लाउनेको घरमा डढ़ेलो नलाइछाड़दिनँ भन्ने निश्चय पनि गयो । आफ्नो खस्रो हातले दुवै आँखाको आँसु पुछेर उ पिढ़ीमा बस्यो ।

"अब त्यसरी बसेर हुन्छ ? जेतेमेते एक ठाउँ थुपार्, कुम्लो कुटुरो कस् र हिँड़ने तर्खर गर् । हुकूम त्यस्तै छ, नराम्रो लाग्छ नै, इस्…." गर्दै सञ्चमान पनि उसकै छेउमा थ्याच्च बस्यो । जसे चलमलाएन, त्यसको अनुहार बिग्र्यो अनि केही छिनपछि हात जोरेर बिन्ती गर्न थाल्यो सञ्चमानलाई – "बाबू, आखिरी मो जानैपर्यो त्यत्तिले गर्दा । मलाई दशा लागेकै रैछ, सबैलाई पालैसित अघि लाएँ अब आफ्नै पनि गाँस बास हरायो । कुबेलामा काँ जाऊँ ? एकछिनमा अँध्यारोले छोपिहाल्छ, अन्त मो बिठेकानमा काँ गएर बस्नु ? मेरो बिन्ती, भोलिबिहानै कुखुराको पैलो डाकमा हिँड़्छु, घाम झुल्किनुभन्दा धेरै अघि कसैले थाहा पाउँदैन, त्यतिञ्जेल बस्नदेऊ । बरु घरमा धिप्री पनि बाल्दिनँ, दैलो थुनेर बस्छु, बाबू, धोका मरेकाटे दिन्नँ ।"

"त्यसो नभन् नानी, हिँड़िहाल्, तँ आफै डुबिस्, मलाई किन डुबाउँछन् ?" सञ्चमान राजी भएन ।

"होइन बाबू, डुबाउँदिनँ, मेरो आखिरी बिन्ती, मो कालापानी गए जत्तिकै हो, फेरि हाम्रो भेट हुने होइन । पत्याउँदैनौ भने सेतीदेवीले सक्ने, मो तिमीलाई बिगार्दिनँ, त्यस्तो पाप गर्दिनँ," जसेले सञ्चमानमा विश्वास हालिदिन जोर गऱ्यो ।

सेतीदेवी सम्झेर किरिया हाल्दा सञ्चमानको मनमा अलि दया पलाए जस्तो भयो र त्यसैले आज्ञा गयो – "साहै गरिस्, खै के भनुँ, लौ त त्यसै गर् । तर हेर्, अब कमान छोड़्नै आँटे भनेर कसैसित झै–झगड़ा नगर्लास् केही बिगार गर्दैनस् त ? म घाम नझुल्की याँ आइपुग्छु, गा'को

रैनछस् भने तेरो गर्दन रहँदैन, यति याद राख् मलाई चिनेकै छस् ।" यति भनेर सञ्चमान त्यहाँबाट हिँड़ेपछि जसेले भित्र पसेर आफ्ना अलिअलि भएका भाँड़ाकुँड़ा एउटा डोकोमा मिलाएर हाल्यो । पानी भर्ने माटोका दुई गाग्री र हाँड़ीहरू अनि एउटा पुरानो काठको कालो बाकस एक कुनामा छुट्याएर राख्यो । त्यसपछि बाहिर निस्केर फलेका इस्कुस र भुइँमा लहरा फिजिएर बढ़्दै गरेका फर्सीका गट्टालाई उसले मन लाएर हेरिरह्यो । बाल्यकालदेखि नै उसले ती झ्याड़मा फलेका इस्कुस र फर्सी खाएर पेट भरेको थियो । यस उसले ती झ्याङ उसलाई आफ्नै नाता जस्ता लाग्दथे । आज अन्तिम बार तिनले दिएका मूल्यहीन उपहार उसले आँखाबाट आँसु चुहाउँदै टिप्यो ।

(i) उक्त गद्यांश कुन कृतिबाट उद्धृत गरिएको हो ?

(a) जुनेली रेखा उपन्यास । (b) जुनेली रेखा कथा ।

(c) जुनेली किरण उपन्यास । (d) जुनेली किरण कथा ।

(ii) यस गद्यांशका लेखक को हुन् ?

(a) लक्ष्मीप्रसाद देवकोटा । (b) लेखनाथ आचार्य ।

(c) बालकृष्ण पौड्यल । (d) इन्द्र सुन्दास ।

(iii) यहाँ कसलाई हट्टाबाहर गरिएको छ ?

(a) मालिनी । (b) जसे ।

(c) सञ्चमान । (d) बड़ासाहेब ।

(iv) 'तर गरुन् पनि के ? चेतन जीव भए तापनि मूक पशु झैं निरीह भएर बस्नुपर्थ्यो ।' उक्त वाक्यद्वारा लेखकले के भन्न चाहेका हुन् ?

(a) कमानमा बड़ासाहेबहरूको अत्याचार थियो ।

(b) कमानमा मजदूरहरूको अत्याचार थियो ।

(c) कमानमा मालिनीको अत्याचार थियो ।

(d) कमानमा जसेको अत्याचार थियो ।

(v) जसेले सञ्चमानलाई के बिन्ती गऱ्यो ?

(a) मेकी कमानमा नै लुकेर बस्ने ।

(b) ऱाती कुखुरा नबासी हिँड़्ने ।

(c) भोलि बिहानै घाम झुल्केपछि हिँड़्ने ।

(d) भोलि बिहानै कुखुराको पैलो डाकमा हिँड़्ने ।

(vi) जसेलाई किन फर्सीको झ्याङ आफ्नै नाता जस्तो लाग्दथ्यो ?

(a) बाल्यकालदेखि नै उसले ती इस्कुस र फर्सी खाएर पेट भरेकाले ।

(b) ती झ्याङमा फलेका इस्कुस र फर्सी मालिनीलाई दिने विचार भएकाले ।

(c) ती इस्कुस र फर्सीका झ्याङ उसकी स्वास्नीले रोपेको हुनाले ।

(d) ती इस्कुस र फर्सीका झ्याङ उसकी आमाले रोपेको हुनाले ।

(vii) 'जाबी'–को अर्थ के हो ?

(a) बोरा । (b) जालीदार थैली ।

(c) बाक्लो बट्टा । (d) पातलो बट्टा ।

(viii) हट्टाबाहर भन्नाले के बुझिन्छ ?

(a) हट्टामा गएर सौदा ल्याउनु ।

(b) बाहिर दोकान थाप्नु ।

(c) हट्टा भन्ने ठाउँमा बस्नु ।

(d) आफू बसेको ठाउँबाट सधैंको निम्ति निस्कासित हुनु ।

(ix) अन्तमा 'मूल्यहीन उपहार' भनेर केलाई भनिएको हो ?

(a) इस्कुसका दाना र फर्सीका गट्टालाई ।

(b) इस्कुस र फर्सीको लहरालाई ।

(c) डोको र भाँड़ाकुँड़ालाई ।

(d) गाग्री र हाँड़ीहरूलाई ।

(x) 'हाँड़ी' भनेको के हो ?

(a) तामाको भाँड़ो । (b) माटाको भाँड़ो ।

(c) हड़ीको भाँड़ो । (d) काठको भाँड़ो ।

(xi) लेखकले उक्त घटनालाई कुन काल्पनिक चिया कमानसँग जोड़ेका छन् ?

(a) रेकी । (b) मेकी ।

(c) सेकी । (d) नेकी ।

**19.** निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प चुनेर उत्तर लेख्नुहोस् । *8×1=8*

(i) लेखनाथ पौड्याललाई कुन उपाधिले सम्मानित गरिएको थियो ?

(a) नाटकशिरोमणि । (b) कविमणि ।

(c) कथाशिरोमणि । (d) कविशिरोमणि ।

(ii) लेखनाथ पौड्यालको 'पिञ्जराको सुगा' कस्तो कविता हो ?

(a) आध्यात्मिक । (b) काल्पनिक ।

(c) मनोरञ्जनात्मक । (d) प्रतीकात्मक ।

(iii) लेखनाथ पौड्यालको जन्म नेपालको कुन जिल्लामा भएको थियो ?

(a) कास्की । (b) अर्घाअर्चले ।

(c) रम्घा । (d) तनहूँ ।

(iv) लेखनाथ पौड्यालले ऋतुविचार प्राय: कुन छन्दमा रचेका छन् ?

(a) अनुष्टुप । (b) शिखरिणी ।

(c) तोटक । (d) अनुप्रास ।

(v) तलको कुन कृति लेखनाथ पौड्यालको होइन ?

(a) ऋतुविचार । (b) मुटुको व्यथा ।

(c) बुद्धिविनोद । (d) सत्यकलिसंवाद ।

(vi) बालकृष्ण समले दस वर्षको उमेरमा लेखेको कविता कुन हो ?

(a) शारदा । (b) चन्द्रिका ।

(c) अमरसिंह । (d) इस्सोर ।

(vii) बालकृष्ण समको जन्म कहिले भएको थियो ?

(a) ई. 1902 मा । (b) ई. 1905 मा ।

(c) ई. 1904 मा । (d) ई. 1903 मा ।

(viii) नाट्यसम्राठ बालकृष्ण समलाई नेपाली __________ भनेर चिनिन्छ ?

(a) बाल्मीकि (b) टेगोर

(c) चाल्स डिकन्स् (d) शेक्सपियर

## भाग दुई

## वर्णनात्मक प्रश्नहरू

**20.** निम्नलिखित प्रश्नहरूका लगभग 30 – 40 शब्दमा उत्तर लेख्नुहोस् ।

(i) (a) 'मलाई फुटेको आँखाले पनि हेर्दिन र म छुटिएर आएकी ।' यो वाक्य कसले कसलाई भनेको हो ? *3*

**अथवा**

(b) "रानु कोइला खानी जस्तै नराम्री थिइन्, त्यसैले उनीभित्र हीराभन्दा उज्ज्वल सौन्दर्यको प्रकाश थियो, त्यो आजको प्रकाशमा तल्लीन भयो ।"

यहाँ 'उनीभित्र हीराभन्दा उज्ज्वल सौन्दर्यको प्रकाश थियो' भनेको के हो ?

(ii) रने के गरेर पेट पालो गर्थ्यो ? उसको बाबुको मृत्यु कसरी भएको थियो ? 2

(iii) (a) रनेले के सपना सजाएको थियो ? 3

**अथवा**

(b) विमलको चरित्र कस्तो थियो ?

**21.** निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस् ।

(i) लक्ष्मीप्रसाद देवकोटाले कस्तो नवयुगको कल्पना गरेका थिए ? 4

(ii) (a) ‘यही अङ्ग्रेजीमा नून तेल छ, यहीँ केटाकेटीको मुखमा पापा–चीची छ ।’ यो भनाइबाट देवकोटाले के भन्न चाहेका हुन् ? 4

**अथवा**

(b) ‘हाइ हाइ अङ्ग्रेजी’ निबन्धबाट देवकोटाले के आह्वान गर्दैछन् ?

**22.** निम्नलिखित प्रश्नहरूका सङ्क्षेपमा उत्तर लेख्नुहोस् ।

(i) साधारण अर्थमा नाटक भनेको के हो ? 3

(ii) ‘बन्दिनी’ एकाङ्कीमा कस्तो समाजको वर्णन गरिएको छ ? 3

(iii) नीतिशाले बन्दीगृहमा केको मसी र कुची बनाएर अत्याचारको विरोध गर्न चाहन्छिन् ? 2

**23.** निम्नलिखित प्रश्नहरूमध्ये कुनै ***तीनका*** उत्तर लेख्नुहोस् । $3\times2=6$

(i) नेपाली भाषालाई किन एक समयमा खसभाषा भनिन्थ्यो ?

(ii) भारोपेली भाषा परिवारमा पर्ने कुनै दुई भाषाका नाम लेख्नुहोस् ?

(iii) नेपाली भाषालाई किन साझा भाषाको रूपमा चिनिन्छ ?

(iv) नेपाली भाषालाई एक समयमा किन गोर्खाली भाषा भनिन्थ्यो ?

(v) भारोपेली भाषाको उत्पत्तिस्थल कुन हो ?

**24.** तल दिइएका कुनै ***एक*** विषयमा लगभग 150 शब्दमा निबन्ध लेख्नुहोस् ।

(i) 5
- सूचना प्रौद्योगिकीको महत्त्व ।
- परोपकार ।
- अनेकतामा एकता ।

(ii) (a) नेपाली भाषाको महत्त्व जनाउँदै बहिनीलाई पत्र लेख्नुहोस् । 5

**अथवा**

(b) आफूलाई चाहिएका कुनै तीन पुस्तकहरू मगाउँदै प्रकाशक, श्याम प्रकाशन, दार्जीलिङलाई एउटा व्यवसायिक पत्र लेख्नुहोस् ।